नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,सर्लाही
(प्रशासन शाखा)

स.प्र.जि.अ. : ०४६- ५२०१०६
कार्यालय : ०४६- ५२०१७७
इमेल :dao.sarlahi@gmail.com

प.स. : ०७७/०७८
च.नं. :

# जिल्ला प्रशासन कार्यालय, सर्लाहीको तालाबन्दी, धर्ना, आमरण अनशन, गालीगलौजपूर्ण नाराबाजीसम्बन्धी अत्यन्त जरुरी सूचना

जिल्लाभित्र शान्ति, सुरक्षा एवम् सुव्यवस्था कायम गर्दै सुशासन कायम गर्न जिल्ला प्रशासन कार्यालय, सर्लाही प्रतिबद्ध रहेको जानकारी गराउँदै जिल्लामा अराजक प्रवृत्तिका रूपमा मौलाउँदै गएको तालवन्दी, धर्ना, आमरण अनशन, गालीगलौजपूर्ण नाराबाजी जस्ता विकृतिका बारेमा यस कार्यालय र प्रमुख जिल्ला अधिकारी, सर्लाहीको विशेष ध्यानाकर्षण भएको व्यवहोरा जानकारी गराइन्छ । विभिन्न विषयमा जायज र कतिपय सन्दर्भमा नाजायज माग राखी कानूनीराजको मान्यताविपरीत गुण्डाराज प्रवृत्तिलाई पश्रयता दिने गरी हुने यस्ता खाले हर्कत र गतिविधिले अन्ततोगत्वा जिल्लामा संविधानवाद र कानुनी शासनको उपहास भई समष्टिमा विकास, सुशासन र समृद्धिको राष्ट्रिय आकाङ्क्षामा आघात पुऱ्याउने निश्चित रहेको महशुस गरी यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सर्लाही तथा प्रमुख जिल्ला अधिकारीको स्पष्ट धारणा सार्वजनिक गर्न वाञ्छनीय भई यो सूचना प्रकाशित गरिएको छ ।

तपाई सबै सरोकारित पक्षका जायज र कानूनसम्मत माग तथा समस्याको प्रकृति, प्राथमिकता र अवस्था हेरी संवेदनशील भई जिल्ला प्रशासन कार्यालय, सर्लाहीले कानूनी शासनलाई पूर्णरूपेण आत्मसात् गरी सम्बोधन गरिदिने वा आफैले सम्बोधन गर्न नसक्ने स्थितिमा सम्बन्धित निकायमा जिम्मेवार भई पहल कदमी चालिदिने हुँदा यस्ता खाले गैरकानूनी र अराजग मार्ग अपनाई अघि नबढ्न जिल्ला प्रशासन कार्यालय, सर्लाही हार्दिक अनुरोध गर्दछ ।

## तालाबन्दी/धर्ना/आमरण अनसन/गालीगलौजपूर्ण नाराबाजी गरेमा प्रहरी/प्रशासनबाट हुने क्रमबद्ध कारवाही

- नेपाल प्रहरी/सशस्त्र प्रहरी बलमार्फत तुरून्त त्यस्तो कार्य नगर्न अनुरोध गर्ने;
- त्यसरी तत्काल गरेको अनुरोध नमान्नेलाई वा सो समूहको नेतृत्व गर्नेलाई नियन्त्रणमा लिने;
- आवश्यकतानुसार बल प्रयोगका सिद्धान्त प्रयोग गरी हटाउने वा तितरवितर पारिने;
- नियन्त्रणमा लिइएका व्यक्ति/नेता/समूहलाई प्रहरीमार्फत प्रचलित कानूनबमोजिम मुद्दा चलाई कारवाही गरिने।

## समस्या/माग/गुनासो/उजुरी/अनुरोध गर्ने पक्षले अपनाउनुपर्ने विधि तथा प्रक्रिया

- सम्बन्धित निकायको प्रमुख वा गुनासो सुन्ने संयन्त्रमा निवदेन/गुनासो/उजुरी/माग राख्ने; (बोधार्थ जिल्ला प्रशासनमा दिने)
- सुनुवाइ नभएमा तालुक निकाय र जिल्ला प्रशासन कार्यालयमा निवदेन/गुनासो/उजुरी/माग राख्ने;
- इमर्जेन्सी र तत्काल कारवाही गर्नुपर्ने प्रकृतिको भए तुरून्त जिल्ला प्रशासन, कार्यालय वा प्रहरीमा खबर गर्ने;
- जायज र कानूनसम्मत माग राख्ने/अनुरोध ।

## जिल्ला प्रशासन कार्यालय, सर्लाहीको भूमिका

- सम्बन्धित निकायलाई निवदेन/गुनासो/उजुरी/मागको उचित मूल्याङ्कन गरी सम्बोधन गर्न लगाउने;
- सम्बन्धित निकायको निवदेन/गुनासो/उजुरी/मागको संवेदनशील र उत्तरदायी भई कार्य गर्ने;
- आफूसँग सम्बन्धित वा अन्य निकायसँग सम्बन्धित उजुरी/माग/निवदेनको संवेदनशील र उत्तरदायी भई कार्य गर्ने;
- जिल्ला प्रशासनबाट समाधान नहुने विषयमा सम्बन्धित निकायमा पठाई पहल र काम भए/नभएको फलोअप गरिदिने;
- अख्यिार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायमा पठाई पीडितलाई न्याय र पीडकलाई सजायको नीति लिने ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

मिति २०७७/११/२९

"स्वच्छ र सक्षम निजामती प्रशासन : समृद्धि र सुशासन"

*जिल्ला प्रशासन कार्यालय, सर्लाहीको महत्वपूर्ण सूचना, जानकारी, निर्णय, आदेश कार्यालयको वेबसाइट daosarlahi.moha.gov.np मा नियमित रुपमा हेर्नु हुन तथा कुनै उजुरी, गुनासो र निवेदन गर्नुपर्ने भएमा कार्यालयको इमेल dao.sarlahi@gmail.com मा पठाउनु हुन अनुरोध छ ।*

CS Scanned with CamScanner